# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम

# २०७४ माघ, फागुन र चैत्र महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु (स्वत: प्रकाशन) को विवरण




# लोक सेवा आयोग

अनामनगर, काठमाडौं

## १. आयोगको स्वरुप र प्रकृति

नेपालको संविधानको भाग २३ धारा २४२ को उपधारा (१) मा लोक सेवा आयोगको गठन सम्बन्धी व्यवस्था गरिएको छ। जस अनुसार लोक सेवा आयोगमा अध्यक्ष र अन्य चार जना सदस्य रहने प्रावधान छ। राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिशमा लोक सेवा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने व्यवस्था छ। यसरी नियुक्ति गर्दा आयोगका सदस्यहरूमध्ये कम्तीमा पचास प्रतिशत सदस्य बीस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन्।

मिति २०७१/१२/११ मा नियुक्त आयोगका माननीय अध्यक्ष तथा सदस्यहरूको नामावली यस प्रकार रहेको छ।

| | |
|---|---|
| अध्यक्ष | श्री उमेशप्रसाद मैनाली |
| सदस्य | श्री बिन्द्रा हाडा भट्टराई |
| सदस्य | डा. गोविन्दप्रसाद कुसुम |
| सदस्य | श्री श्रीपुरुष ढकाल |
| सदस्य | श्री अशोककुमार झा |
| सदस्य | श्री ब्रहम देव राय |
| सदस्य | श्री कृष्णचन्द्र झा |

आयोगको केन्द्रीय कार्यालय अनामनगर, काठमाडौंमा रहेको छ। आयोग अन्तर्गत देहाय अनुरुप पाँचवटा विकास क्षेत्रहरुमा क्षेत्रीय निर्देशनालयहरु, ९ वटा अञ्चलहरुमा अञ्चल कार्यालयहरु र एक दरखास्त व्यवस्थापन केन्द्र रहेका छन्।

| क्र.सं. | (क) क्षेत्रीय निर्देशनालयहरु | क्र.सं. | (ख) अञ्चल कार्यालयहरु |
|---|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | १. | मेची अञ्चल कार्यालय, इलाम |
| | | २. | सगरमाथा अञ्चल कार्यालय, दिक्तेल |
| २. | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं | ३. | जनकपुर अञ्चल कार्यालय, जलेश्वर |
| | | ४. | नारायणी अञ्चल कार्यालय, हेटौंडा |
| ३. | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | ५. | लुम्बिनी अञ्चल कार्यालय, बुटवल |
| | | ६. | धवलागिरी अञ्चल कार्यालय, बागलुङ |
| ४. | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | ७. | राप्ती अञ्चल कार्यालय, तुलसीपुर |
| | | ८. | कर्णाली अञ्चल कार्यालय, जुम्ला |
| ५. | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | ९. | महाकाली अञ्चल कार्यालय, महेन्द्रनगर |
| **(ग) दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर, काठमाडौं।** | | | |

## २. आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २४३ मा आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकिएको छ :

(१) निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुनेछ।

स्पष्टीकरण : यस धाराको प्रयोजनका लागि "निजामती सेवाको पद" भन्नाले सैनिक वा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालको कर्मचारीको सेवाको पद तथा निजामती सेवाको पद होइन भनी ऐन बमोजिम तोकिएको अन्य सेवाको पद बाहेक नेपाल सरकारका अरु सबै सेवाको पद सम्झनु पर्छ।

(२) निजामती सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिईने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्नेछ।

स्पष्टीकरण : यस धाराको प्रयोजनका लागि "संगठित संस्था" भन्नाले विश्वविद्यालय र शिक्षक सेवा आयोग बाहेकका पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा संघीय कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद र यस्तै प्रकृतिका अन्य संगठित संस्था सम्झनु पर्छ।

(३) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र अन्य संघीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

(४) कुनै संगठित संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

(५) नेपाल सरकारबाट निवृत्तिभरण पाउने पदमा लोक सेवा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन ।

(६) देहायका विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ :-

- (क) संघीय निजामती सेवाको शर्त सम्बन्धी कानूनको विषयमा,
- (ख) संघीय निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,
- (ग) संघीय निजामती सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,
- (घ) कुनै एक प्रकारको संघीय निजामती सेवाको पदबाट अर्को प्रकारको संघीय निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट संघीय निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको निजामती सेवाको पदबाट संघीय निजामती सेवाको पदमा वा संघीय निजामती सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,
- (ङ) लोक सेवा आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई लोक सेवा आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा, र
- (च) संघीय निजामती सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

(७) उपधारा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि धारा १५४ बमोजिमको न्याय सेवा आयोगको अधिकार क्षेत्रभित्र पर्ने विषयमा सोही बमोजिम हुनेछ ।

(८) लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(९) लोक सेवा आयोगको अन्य काम, कर्तव्य र अधिकार संघीय कानून बमोजिम हुनेछ ।

## ३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण

| सि.नं. | कार्यालयको नाम | स्वीकृत दरबन्दी संख्या | कार्यरत कर्मचारी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | जम्मा | |
| १. | केन्द्रीय कार्यालय, अनामनगर | २०४ | १८६ | ९ | १९५ | कर्मचारी सरुवा, बढुवाको कारण केही समय पदहरु रिक्त तथा पूर्ति हुने क्रम भइरहने |
| २. | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | १५ | १४ | १ | १५ | |
| ३. | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं | ३० | २७ | ३ | ३० | |
| ४. | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | १५ | १२ | २ | १४ | |
| ५. | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | १५ | १४ | १ | १५ | |
| ६. | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | १५ | १२ | २ | १४ | |
| ७. | मेची अञ्चल कार्यालय, इलाम | १० | ८ | १ | ९ | |
| ८. | सगरमाथा अञ्चल कार्यालय, दिक्तेल | १० | ७ | २ | ९ | |
| ९. | जनकपुर अञ्चल कार्यालय, जलेश्वर | १० | ९ | ० | ९ | |
| १०. | नारायणी अञ्चल कार्यालय, हेटौंडा | १२ | ११ | १ | १२ | |
| ११. | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | १२ | १२ | ० | १२ | |
| १२. | धवलागिरी अञ्चल कार्यालय, बागलुङ | १० | ९ | १ | १० | |
| १३. | राप्ती अञ्चल कार्यालय, तुलसीपुर | १० | ८ | १ | ९ | |
| १४. | कर्णाली अञ्चल कार्यालय, जुम्ला | १० | ७ | ३ | १० | |
| १५. | महाकाली अञ्चल कार्यालय, महेन्द्रनगर | ११ | ९ | २ | ११ | |
| १६. | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | १२ | ८ | २ | १० | |

## ३.१ आयोगको स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण अनुसार निम्न बमोजिम महाशाखाहरु रहेका छन् :

### ३.१.१ प्रशासन तथा योजना महाशाखा

१. आयोगको कर्मचारी प्रशासन र जनसम्पर्क सम्बन्धी कार्य गर्ने ।
२. आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण तथा सुधार गर्ने ।
३. वार्षिक योजना तयारी, कार्यान्वयन तथा प्रतिवेदन सम्बन्धी कार्य गर्ने ।
४. बजेट तयार गर्ने, लेखा संचालन गर्ने, नगदी, जिन्सी, राजस्व आदिको दुरुस्त हिसाब राख्ने र लेखा परीक्षण गराउने ।
५. मातहतका निकायहरुको निरीक्षण तथा सुपरीवेक्षण गर्ने/गराउने ।
६. अन्तर्राष्ट्रिय एवम् प्रादेशिक लोक सेवा आयोगसँग समन्वय गर्ने ।
७. आयोगको वार्षिक प्रतिवेदन तथा निजामती सेवा पत्रिका, बुलेटिन, समाचारपत्रहरुको तयारी तथा प्रकाशन गर्ने ।
८. आवधिक प्रतिवेदन तयारी, प्रकाशन तथा व्यवस्थापन गर्ने ।
९. केन्द्रीय प्रतिनिधि खटनपटन सम्बन्धी कार्य गर्ने ।
१०. आयोगका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन, आन्तरिक सरुवा, बढुवा, काज, सहमति, बिदा सम्बन्धी कार्य गर्ने ।
११. विभिन्न सेवा, समूह र उपसमूहका अधिकृतस्तरको प्रतिशत निर्धारण सम्बन्धी कार्य गर्ने ।
१२. सूचना सञ्चार प्रविधि सम्बन्धी कार्य गरी आयोगको काम छिटो, छरितो गराउने ।
१३. विज्ञापन प्रकाशनका लागि आवश्यक पर्ने पाठ्यक्रम र न्यूनतम योग्यता सम्बन्धमा आवश्यक समन्वय गर्ने ।

### ३.१.२ परीक्षा महाशाखा

१. परीक्षा सम्बन्धी आवश्यक नीति, नियम तर्जुमा सम्बन्धी कार्य व्यवस्थापन ।
२. प्रश्न निर्माणकर्तालाई न्यूनतम शैक्षिक योग्यता र पाठ्यक्रममा आधारित मार्गदर्शन तयार गरी कच्चा प्रश्नहरु संकलन एवम् प्रश्नपत्र बैंक (Question Bank) सम्बन्धी कार्य गर्ने ।
३. आयोगबाट संचालन हुने खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाहरु संचालन गर्ने ।
४. उत्तरपुस्तिकाहरुको सांकेतीकरण सम्बन्धी कार्य गर्ने ।
५. परीक्षाका उत्तरपुस्तिकाहरु परीक्षण गराउने ।
६. परीक्षा सञ्चालन, नतिजा तयारी तथा प्रकाशन सम्बन्धी कार्य गर्ने ।
७. Optical Mark Reader (OMR) एवम् अन्य प्रविधिवाट लिईने परीक्षाको उत्तरपुस्तिकाको संकलन, परीक्षण तथा नतिजा प्रकाशन सम्बन्धी कार्य गर्ने साथै, आवश्यकतानुसार टिम (टोली) बनाई परीक्षण कार्य गर्न निर्देशन भए अनुरुप कार्य गराउने ।

### ३.१.३ प्रश्नपत्र परिमार्जन एवं सिफारिश महाशाखा

१. परीक्षाका लागि आवश्यक प्रश्नपत्र परिमार्जन गराउने ।
२. अन्तर्वार्ता सम्बन्धी कार्य गर्ने र अन्तर्वार्ता सम्बन्धी आवश्यक मार्गदर्शन तयार गरी लागू गर्ने/गराउने ।
३. परीक्षा (लिखित एवं अन्तर्वार्ता) मा उत्तीर्ण उम्मेदवारहरुको माग बमोजिम सिफारिश गर्ने ।

### ३.१.४ परीक्षण प्रविधि, अनुसन्धान तथा पाठ्यक्रम महाशाखा

१. आयोगबाट हुने परीक्षाहरुको लागि पाठ्यक्रम, परीक्षण प्रविधि, अनुसन्धान तथा विकास सम्बन्धी कार्य गर्ने ।
२. निजामती सेवाको विभिन्न पक्षमा अनुसन्धानात्मक अध्ययन विश्लेषण र विकास ।
३. आयोगको कामसंग सम्बन्धित विभिन्न पक्षको अध्ययन तथा अनुसन्धान ।
४. शैक्षिक योग्यता निर्धारण र उपाधिको मान्यता ।
५. आयोगका सबै महाशाखा प्रमुखहरु रहेको अनुसन्धान व्यवस्थापन समूह (Research Management Team) ले पहिचान गरेका विषयहरुमा अनुसन्धान गर्ने ।

**३.१.५ कानून महाशाखा**

१. निजामती सेवा सम्बन्धी कानून तथा सेवा परिवर्तन सम्बन्धी विषयमा परामर्श सम्बन्धी कार्य गर्ने ।
२. सैनिक सेवा, सशस्त्र प्रहरी सेवा, प्रहरी सेवा र सरकारी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श सम्बन्धी कार्य गर्ने ।
३. कुनै सार्वजनिक संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी प्रचलित कानून र त्यस्तो सेवाका पदको नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श प्रदान गर्ने ।
४. निजामती कर्मचारीको बढुवा उजुरी, रिट निवेदनका लिखित जवाफ सम्बन्धी कार्य ।
५. आयोगलाई कानुनी परामर्श दिने, आयोगको ऐन, नियम, निर्देशिका, कार्यविधि आदिको तर्जुमा ।

**३.१.६ सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा**

१. सुरक्षा निकाय तथा संगठित संस्थाहरुको लिखित परीक्षा सम्बन्धी आवश्यक नीति, नियम तर्जुमा सम्बन्धी कार्य गर्ने ।
२. सुरक्षा निकाय तथा संगठित संस्थाहरुको विभिन्न परीक्षाहरुका लागि कच्चा प्रश्नहरु संकलन सम्बन्धी कार्य गर्ने ।
३. सुरक्षा निकाय तथा संगठित संस्थाहरुको लागि खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाहरु संचालन गर्ने ।
४. सुरक्षा निकाय तथा संगठित संस्थाहरुको परीक्षाको उत्तरपुस्तिकाहरुको संकेतीकरण सम्बन्धी कार्य गर्ने ।
५. सुरक्षा निकाय तथा संगठित संस्थाहरुको परीक्षाका उत्तरपुस्तिकाहरु परीक्षण गराउने कार्य गर्ने ।
६. सुरक्षा निकाय तथा संगठित संस्थाहरुको परीक्षा संचालन, नतिजा तयारी तथा प्रकाशन सम्बन्धी कार्य गर्ने ।

## ४. आयोगबाट प्रदान गरिने सेवा

१. वार्षिक कार्यतालिका प्रकाशन
२. माग संकलन
३. प्रतिशत निर्धारण
४. शैक्षिक योग्यता एवं पाठ्यक्रम निर्माण, परिमार्जन र संशोधन
५. विज्ञापन प्रकाशन
६. दरखास्त दर्ता
७. प्रश्नपत्र निर्माण र परिमार्जन
८. प्रतियोगितात्मक लिखित परीक्षा सञ्चालन
९. उत्तरपुस्तिकामा दोहोरो कोडिङ्ग
१०. उत्तरपुस्तिका परीक्षण
११. लिखित नतिजा प्रकाशन
१२. प्रयोगात्मक परीक्षा तथा सीप परीक्षण (प्रयोगात्मक परीक्षा तथा सीप परीक्षण हुने पदहरुको लागि)
१३. सामूहिक परीक्षण (सामूहिक परीक्षण हुने पदहरुको लागि)
१४. अन्तर्वार्ता
१५. सिफारिस
१६. बढुवा सम्बन्धी उजूरीमा आवश्यक छानविन गरी आवश्यक निर्णय गर्ने ।
१७. रिक्त पदहरुको नियुक्ति, पदस्थापना लगायतका विषयमा निरीक्षण गर्ने ।

## ५. केन्द्रीय कार्यालयमा सेवा प्रदान गर्ने निकायको महाशाखा, शाखा र जिम्मेवार अधिकारी

| क्र. सं. | महाशाखा र महाशाखा प्रमुखको नाम | शाखाहरुको नाम | शाखा प्रमुखहरुको नाम (उपसचिव) |
|---|---|---|---|
| १ | प्रशासन तथा निरीक्षण महाशाखा<br>सहसचिव<br>श्री लक्ष्मीविलास कोइराला | क) सूचना तथा प्रकाशन शाखा | श्री देवीप्रसाद सुवेदी |
| | | ख) प्रशासन शाखा | श्री डिल्लीराज पोखरेल |
| | | ग) आर्थिक प्रशासन शाखा | श्री दिपक लामिछाने |
| | | घ) योजना तथा निरीक्षण शाखा | श्री कुशला पौडेल |
| | | ङ) सूचना सञ्चार प्रविधि शाखा | श्री रमेश शर्मा पौडेल |
| २ | अन्तर्वार्ता तथा सिफारिश महाशाखा<br>सहसचिव<br>श्री किरणराज शर्मा | क) प्रश्नपत्र परिमार्जन शाखा (प्राविधिक) | श्री चुरामणि मरासिनी |
| | | ख) प्रश्नपत्र परिमार्जन शाखा (अप्राविधिक) | |
| | | ग) अन्तर्वार्ता तथा सिफारिश शाखा | श्री रमेश मैनाली |
| | | घ) प्रश्नपत्र परिमार्जन शाखा (सुरक्षा निकाय तथा संगठित संस्था) | श्री राजन राई |
| ३ | परीक्षा महाशाखा<br>सहसचिव<br>श्री जानकीराम शर्मा बराल | क) परीक्षा सञ्चालन शाखा (प्राविधिक) | श्री समुन्द्रराज रेग्मी |
| | | ख) परीक्षा सञ्चालन शाखा (अप्राविधिक) | श्री सन्तोषप्रसाद दाहाल |
| | | ग) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक) | श्री रेणु श्रेष्ठ |
| | | घ) लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक) | श्री जगन्नाथ बराल |
| | | ङ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री सूर्यनाथ कोइराला |
| ४ | परीक्षण प्रविधि, अनुसन्धान तथा पाठ्यक्रम महाशाखा<br>मुख्य मनोविज्ञानवेत्ता<br>डा. खगेन्द्रप्रसाद सुवेदी | क) परीक्षण प्रविधि शाखा | श्री सर्मुनलाल शाक्य |
| | | ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा | श्री कृष्ण जि.सी. |
| | | ग) अनुसन्धान तथा विकास शाखा | श्री नवराज लम्साल |
| ५ | कानून महाशाखा<br>सहसचिव<br>श्री पाराश्वर ढुंगाना | क) नीति नियम तथा अभिलेख शाखा | श्री केशव शर्मा |
| | | ख) उजुरी तथा विभागीय सजाय परामर्श शाखा | श्री टंकबहादुर महत |
| ६ | सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा<br>सहसचिव<br>श्री झक्कप्रसाद आचार्य | क) लिखित परीक्षा सञ्चालन शाखा | श्री नारायणप्रसाद ज्ञवाली |
| | | ख) लिखित परीक्षा नतिजा तयारी शाखा | श्री ईश्वरीप्रसाद अर्याल |
| | | ग) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री सूर्यप्रसाद सापकोटा |

आयोगका क्षेत्रीय निर्देशनालय तथा अञ्चल कार्यालयहरुमा पनि प्रशासन तथा निरीक्षण, परीक्षा सञ्चालन, अन्तर्वार्ता तथा सिफारिश, सुरक्षा निकाय तथा संगठित संस्था शाखाहरु रहेका छन् ।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### (क) दरखास्त दस्तुर

आयोगबाट विभिन्न कामको सिलसिलामा लिइने दस्तुर, शुल्क आदिलाई निम्न बमोजिम कायम गर्ने व्यवस्था गरिएको छ।

**दरखास्त दस्तुर तथा शुल्क विवरण (बढुवाको लागि समेत)**

| क्र. सं. | तह/श्रेणी | दस्तुर (रु.) |
|---|---|---|
| १. | राजपत्राङ्कित प्रथम श्रेणी/एघारौं र बाह्रौं तह | १५००/- |
| २. | राजपत्राङ्कित द्वितीय श्रेणी/नवौं र दशौं तह | १२००/- |
| ३. | राजपत्राङ्कित तृतीय श्रेणी/छैठौं, सातौं र आठौं तह | १०००/- |
| ४. | राजपत्र अनङ्कित प्रथम श्रेणी/पाँचौं तह | ४००/- |
| ५. | राजपत्र अनङ्कित द्वितीय श्रेणी/चौथो तह/टाइपिष्ट | ३००/- |
| ६. | राजपत्र अनङ्कित तृतीय श्रेणी/तृतीय तह | २००/- |
| ७. | राजपत्र अनङ्कित चतुर्थ श्रेणी | १५०/- |
| ८. | सवारी चालक | २००/- |
| ९. | कार्यालय सहयोगी | १००/- |

समान श्रेणी/तहको विभिन्न पदको संयुक्त परीक्षा हुने गरी विज्ञापन भएकोमा प्रति थप समूह/पत्रको लागि निम्न बमोजिमको परीक्षा दस्तुर तोकिएको छ :

| क्र. सं. | तह/श्रेणी | दस्तुर (रु.) |
|---|---|---|
| १. | राजपत्राङ्कित प्रथम श्रेणी/एघारौं र बाह्रौं तह | ६००/- |
| २. | राजपत्राङ्कित द्वितीय श्रेणी/नवौं र दशौं तह | ५००/- |
| ३. | राजपत्राङ्कित तृतीय श्रेणी/छैठौं, सातौं र आठौं तह | ४००/- |
| ४. | राजपत्र अनङ्कित प्रथम श्रेणी/पाँचौं तह | २००/- |
| ५. | राजपत्र अनङ्कित द्वितीय श्रेणी/चौथो तह | १५०/- |
| ६. | राजपत्र अनङ्कित तृतीय श्रेणी/तृतीय तह | १००/- |
| ७. | श्रेणीविहीन | १००/- |

**(ख) विविध दस्तुर**

| क्र. सं. | विवरण | दस्तुर (रु.) |
|---|---|---|
| १. | प्रवेश पत्र हराएमा प्रवेशपत्रको प्रतिलिपि प्राप्त गर्न | १००/- |
| २. | परीक्षा हुने पहिलो दिन प्रवेशपत्र नलिइ आएमा सोको प्रतिलिपिका लागि निवेदन दस्तुर | १००/- |
| ३. | छुट वा अग्रीम अन्तर्वार्ता दस्तुर (किरिया बस्नु पर्ने वा सुत्केरी भएको अवस्था बाहेक) | राजपत्राङ्कित पदको लागि : ३०००/-<br>राजपत्र अनङ्कित पदको लागि : १०००/- |
| ४. | बढुवा उजूरीको निवेदन दस्तुर | राजपत्राङ्कित पदको लागि : ३०००/-<br>राजपत्र अनङ्कित पदको लागि : १५००/- |
| ५. | पुनर्योग निवेदन दस्तुर | सम्बन्धित पदको लागि तोकिएको दरखास्त दस्तुरको आधा रकम |
| ६. | अनलाइन दरखास्त प्रणालीको युजर प्रोफाइलको स्क्रिन नेम/पासवर्ड रिसेट दस्तुर | ५०/- |

## ७. निवेदन, उजूरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

**(क) प्रक्रिया**

- सूचना मागकर्ताले आफूले माग गरेको सूचना सहितको विवरण उल्लेख गरी आयोगको सूचना अधिकारीलाई सम्बोधन गरी निवेदन दिनु पर्ने ।
- निवेदकले माग गरिएको सूचना तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको भएमा सूचना अधिकारीले कारण सहित सूचना उपलब्ध गराउने समय तोकी सोको जानकारी निवेदकलाई गराइनेछ ।
- सूचना अधिकारी समक्ष माग गरिएको सूचना आफूभन्दा माथिल्लो तहबाट निर्णय गराउनु पर्ने भएमा सो को जानकारी सूचना मागकर्तालाई तत्काल गराई १५ दिनभित्र सूचना माग निवेदन उपर भएको निर्णय उपलब्ध गराइनेछ ।
- सूचना मागकर्ताले माग गरेको विवरण स्थलगत भ्रमणबाट दिन सकिने अवस्था भएमा सूचना अधिकारीलाई स्थलगत भ्रमण गरी प्रतिवेदन पेश गर्न लगाउन सकिनेछ । यसरी भ्रमण गरीसकेपछि भ्रमणमा खटिने पदाधिकारीले माग सूचनाको सम्बन्धमा प्रतिवेदन पेश गर्नुपर्नेछ । प्राप्त प्रतिवेदनका आधारमा निर्णय गराउन आवश्यक भए निर्णय गराई र निर्णय गराउन आवश्यक नभए सोझै सूचना अधिकारीले आवश्यकता अनुसारको सूचना मागकर्तालाई उपलब्ध गराइनेछ ।
- लोक सेवा आयोगको ऐन, नियम तथा निर्देशिकाले सूचना प्रवाह गर्न नमिल्ने, गोप्य रहने भनी तोकिएको विषयमा सूचना प्रवाह गरिने छैन ।
- अन्य विषयको निर्णय विषयको कार्यप्रकृति अनुसार टिप्पणी, समूह प्रतिवेदन, छलफल आदिका आधारमा हुने गर्दछ ।

**(ख) निर्णय गर्ने अधिकारी**

- सूचनासँग सम्बन्धित विषयको प्रकृति अनुसार आयोगका सचिव एवं आयोग

## ८. सूचना अधिकारीले उपलब्ध गराएको सूचना उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री महेन्द्रप्रसाद गुरागाई

## ९. सम्पादन गरेको कामको विवरण (२०७४ माघ-चैत्र)

प्रकाशित विज्ञापन/सूचनाको किसिम :

- ज्येष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा सूचना संख्या :- २०१
- कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना संख्या :- १५२
- आ.प्र., खुला तथा समावेशी प्रतियोगिताको विज्ञापन संख्या :- १०६६

लिखित परीक्षा सञ्चालन संख्या :- २७९

- अप्राविधिक पदहरुतर्फ :- २११ प्राविधिक पदहरुतर्फ :- ६८

जम्मा सिफारिश उम्मेदवार संख्या

| सिफारिशको किसिम | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| खुला/समावेशीतर्फ | १५५५ | ३०१७ | ४५७२ |
| वैकल्पिकतर्फ | ५ | ८ | १३ |

विभागीय सजायको लागि परामर्श पठाइएको संख्या : २०

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

कार्यालय प्रमुख (सचिव) श्री महेन्द्रप्रसाद गुरागाई
सूचना अधिकारी (उपसचिव) श्री देवीप्रसाद सुवेदी

| क्र.सं. | निकायहरुको नाम | सूचना अधिकारीको पद, नाम र थर | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | शाखा अधिकृत, श्री पुष्पराज पाण्डे | ०२६-५२०१३०/५२०१५१, ९८४७१९४३१३ |
| २. | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं | शाखा अधिकृत, श्री पदम बहादुर राउत | ०१-४११५८३३,९८५११५६९२६ |
| ३. | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | शाखा अधिकृत, श्री रेपनाथ आचार्य | ०६१-४६३१४५/४६३५०६, ९८४६०५९६२२ |
| ४. | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | शाखा अधिकृत, श्री भरत खनाल | ०८३-५२०१०६, ९८४८०७५५५६ |
| ५. | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | शाखा अधिकृत, श्री हरिबहादुर चन्द | ०९४-४४०१४७, ९८४८७४७३६३ |
| ६. | मेची अञ्चल कार्यालय, इलाम | शाखा अधिकृत, श्री जनार्दन कट्टेल | ०२७-५२००६२, ९८४१६९६६१४ |
| ७. | सगरमाथा अञ्चल कार्यालय, दिक्तेल | शाखा अधिकृत, श्री रघुपति काफ्ले | ०३६-४२०१७७, ९८४१५६५००३ |
| ८. | जनकपुर अञ्चल कार्यालय, जलेश्वर | शाखा अधिकृत, श्री बिष्णुप्रसाद न्यौपाने | ०४४-५२०१४७, ९८५८३२०५३६ |
| ९. | नारायणी अञ्चल कार्यालय, हेटौंडा | शाखा अधिकृत, श्री श्यामसुन्दर श्रेष्ठ | ०५७-५२०३०२, ९८४५०३२०९२ |
| १०. | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | शाखा अधिकृत, श्री नारायणप्रसाद आचार्य | ०७१-५४०२०७, ९८५११६२६६३ |
| ११. | धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ | शाखा अधिकृत, विन्दुदेवी शर्मा | ०६८-५२२६४७, ९८५७६३३४३३ |
| १२. | राप्ती अञ्चल कार्यालय, दाङ | शाखा अधिकृत, श्री कृष्णप्रसाद आचार्य | ०८२-५२००१३, ९८४७८५४३८८ |
| १३. | कर्णाली अञ्चल कार्यालय, जुम्ला | शाखा अधिकृत, श्री एक नारायण अर्याल | ०८७-५२०००८, ९८५८३२२२२८ |
| १४. | महाकाली अञ्चल कार्यालय, कञ्चनपुर | शाखा अधिकृत, खगेन्द्रप्रसाद भट्ट | ०९९-५२१२०९, ९८४९५०७८९१ |
| १५. | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | शाखा अधिकृत, श्री निमराज भट्टराई | ०१-४७७१२१४, ९८५१२४१४५६ |

## ११. आयोगका कार्यसञ्चालनमा प्रयोग हुने ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान
- लोक सेवा आयोग ऐन, २०६६ तथा लोक सेवा आयोग नियमावली, २०६७
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५
- व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५
- विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु
- सुरक्षा निकायहरु (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग) तथा संगठित संस्थाहरु सम्बन्धी ऐन, नियमावलीहरु
- लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७
- लोक सेवा आयोगको कार्य पद्धति दिग्दर्शन, २०७०
- लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचारसंहिता, २०६९
- लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा लोक सेवा आयोगका समय-समयका निर्णयहरु
- सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु
- लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु
- अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

| क्र.सं. | स्वीकृत वार्षिक बजेट | रकम (रु) |
|---|---|---|
| १. | **विविध** | १४२०२९०००.०० |
| २. | **प्रशासनिक खर्च** | ७९७२००००.०० |
| ३. | **संस्थागत सुदृढीकरण**<br>**चालु खर्च : ४६२७५०००**<br>**पूँजीगत खर्च : ५६४९६०००** | १०२७७१०००.०० |
| **जम्मा** | | ३२४५२००००.०० |

| क्र.सं. | २०७४ माघ देखि चैत्र मसान्तसम्मको खर्च | रकम (रु) |
|---|---|---|
| १. | **विविध** | ४४४९९७४७.०० |
| २. | **प्रशासनिक खर्च** | २६२८०४०७.११ |
| ३. | **संस्थागत सुदृढीकरण**<br>**चालु खर्च :** ६२०६९१३.००<br>**पूँजीगत खर्च :** २९८४२७९.०० | ९१९११९२.०० |
| **जम्मा** | | ७९९७१३४६.११ |

# लोक सेवा आयोग
## केन्द्रीय कार्यालय, अनामनगर
## २०७४, चैत्र महिनाको खर्चको फाँटवारी

**ब.उ.शि.नं. २१०१०१३ संस्थागत सुदृढीकरण (चालु खर्च)**

| महिनाको खर्च | मसान्तसम्मको निकासा | बजेट रकम | जम्मा बजेट विनियोजन | मसान्तसम्मको खर्च | बजेट बाँकी |
|---|---|---|---|---|---|
| १८६००.०० | ४३८३५६.०० | २२५११ कर्मचारी तालिम | १९८००००.०० | ४३८३५६.०० | १५४१६४४.०० |
| ५०००००.०० | १२४६१३८.०० | २२५१२ सीप विकास तथा जनचेतना, तालिम, गोष्ठी | ३००००००.०० | १२४६१३८.०० | १७५३८६२.०० |
| २२८३५२८.०० | ८०७०२२३.०० | २२५२२ कार्यक्रम खर्च | ३१६००००० .०० | ८०७०२२३.०० | २३५२९७७७.०० |
| ०.०० | ६६४९०७.०० | २२५२९ विविध कार्यक्रम खर्च | ६५०००००.०० | ६६४९०७.०० | ५८३५०९३.०० |
| २८०२१२८.०० | १०४१९६२४.०० | **जम्मा** | ४३०८००००.०० | १०४१९६२४.०० | ३२६६०३७६.०० |

**कोषको अवस्था**

बैंकको नाम : नेपाल राष्ट्र बैंक
जम्मा निकासा : रु. १०४१९६२४.००
जम्मा खर्च : रु. १०४१९६२४.००
पेश्की : रु. १७०००००.००
पेश्की कटाई बाँकी खर्च : रु. ८७१९६२४.००

**ब.उ.शि.नं. २१०१०१४ संस्थागत सुदृढीकरण (पूँजीगत खर्च)**

| महिनाको खर्च | मसान्तसम्मको निकासा | खर्च संकेत नं. | बजेट रकम | जम्मा बजेट विनियोजन | मसान्तसम्मको खर्च | बजेट बाँकी |
|---|---|---|---|---|---|---|
| ०.०० | ९५५१५०.०० | २९२२१ | भवन निर्माण | ३९००००००.०० | ९५५१५०.०० | ३८०४४८५०.०० |
| ६३२८०.०० | १६६६८५५.०० | २९३११ | फर्निचर फिक्चर्स | ८००००००.०० | १६६६८५५.०० | ६३३३१४५.०० |
| ०.०० | ०.०० | २९४११ | सवारी साधन | ०.०० | ०.०० | ०.०० |
| ०.०० | २२२८३८९.०० | २९५११ | मेशिनरी औजार | ५५८००००.०० | २२२८३८९.०० | ३३५१६११.०० |
| ०.०० | ४५१४९९.०० | २९६११ | सार्वजनिक निर्माण | ५००००००.०० | ४५१४९९.०० | ४५४८५०१.०० |
| ०.०० | ४७१०९५.०० | २९६२१ | पूँजीगत सुधार | ६००००००.०० | ४७१०९५.०० | ५५२८९०५.०० |
| | ९८१४०५.०० | २९७१२ | सफ्टवेयर निर्माण खरिद खर्च | ४००००००.०० | ९८१४०५.०० | ३०१८५९५.०० |
| **६३२८०.००** | **६७५४३९३.००** | | **जम्मा** | **६७५८००००.००** | **६७५४३९३.००** | **६०८२५६०७.००** |

**कोषको अवस्था**

बैंकको नाम : नेपाल राष्ट्र बैंक
जम्मा निकासा : रु. ६७५४३९३.००
जम्मा खर्च : रु. ६७५४३९३.००
पेश्की : रु. ०.००
पेश्की कटाई बाँकी खर्च : रु. ६७५४३९३.००

**ब.उ.शि.नं. २१००११३ चालु खर्च (प्रशासनिक खर्च समेत)**

| २०७४ चैत्र महिनाको खर्च | ०७४ चैत्र महिना सम्मको निकासा | खर्च संकेत नं. | खर्च/वित्तीय शीर्षक | अन्तिम बजेट | ०७४ चैत्र महिना सम्मको खर्च | बजेट बाँकी |
|---|---|---|---|---|---|---|
| ६१४६८८३.८० | ६०५६९०५७.७१ | २११११ | तलब | ९००४१०००.०० | ६०५६९०५७.७१ | २९४७१९४२.२९ |
| १८२०३३.०० | १६४७२०८.०० | २१११३ | महंगी भत्ता | २३५२०००.०० | १६४७२०८.०० | ७०४७९२.०० |
| १३६६४७८.०० | १३६६४७८.०० | २११२१ | पोशाक | १४७००००.०० | १३६६४७८.०० | १०३५२२.०० |
| १३७३१९.०० | २४६७१७४.०० | २२१११ | पानी तथा बिजुली | ३०७२०००.०० | २४६७१७४.०० | ६०४८२६.०० |
| १४८८१.०० | ४५००७५.०० | २२११२ | संचार महसुल | १५९८०००.०० | ४५००७५.०० | ११४७९२५.०० |
| २३५५१९.०० | २१६२८५६.०० | २२२११ | इन्धन | २४५५०००.०० | २१६२८५६.०० | २९२१४४.०० |
| ७५९०.०० | २३११२८०.०० | २२२१२ | संचालन तथा मर्मत सम्भार | २८३५०००.०० | २३११२८०.०० | ५२३७२०.०० |
| ०.०० | ३१८२५०.०० | २२२१३ | विमा | ८०००००.०० | ३१८२५०.०० | ४८१७५०.०० |
| ४०३७३६.०० | ४४३१८६५.०० | २२३११ | कार्यालय सम्बन्धी खर्च | ५७९५०००.०० | ४४३१८६५.०० | १३६३१३५.०० |
| ०.०० | २५६२९५.०० | २२३१४ | इन्धन अन्य प्रयोजन | ३९६०००.०० | २५६२९५.०० | १३९७०५.०० |
| ०.०० | २७००१३.०० | २२४११ | सेवा र परामर्श खर्च | ७५००००.०० | २७००१३.०० | ४७९९८७.०० |
| ५०७०००.०० | ५१३९८८६.०० | २२४१२ | अन्य सेवा शुल्क | ७८१९०००.०० | ५१३९८८६.०० | २६७९११४.०० |
| ०.०० | ०.०० | २२५११ | कर्मचारी तालिम | ३०००००.०० | ०.०० | ३०००००.०० |
| ३४०५९.०० | २१७०२२.०० | २२६११ | अनुगमन मूल्याङ्कन खर्च | ४२५०००.०० | २१७०२२.०० | २०७९७८.०० |
| ३२०९८९.०० | ५३४४५५.०० | २२६१२ | भ्रमण खर्च | १५२५०००.०० | ५३४४५५.०० | ९९०५४५.०० |
| १८०१५८३०.०० | १४३४३९९०८.०० | २२७११ | विविध खर्च | १८१९७००००.०० | १४३४३९९०८.०० | ३८५३००९२.०० |
| **२७३७२३१७.८०** | **२२५५८१८२२.७१** | | **जम्मा** | **३०३६०३०००.००** | **२२५५८१८२२.७१** | **७८०२११७७.२९** |
| | | | **अर्थ बजेट** | | | |
| ०.०० | २३१२५६७.०० | २७३१३ | संचित बिदा (६०१०१४३) | २३१२५६७.०० | २३१२५६७.०० | ०.०० |
| ०.०० | १९००६५४.०० | ३७३१४ | औ.उपचार (६०१०१८३) | १९००६५४.०० | १९००६५४.०० | ०.०० |
| ०.०० | **४२१३२२१.००** | | **जम्मा** | **४२१३२२१.००** | **४२१३२२१.००** | ०.०० |
| **२७३७२३१७.८०** | **२२९७९५०४३.७१** | | **कूल जम्मा** | **३०७८१६२२१.००** | **२२९७९५०४३.७१** | **७८०२११७७.२९** |

**कोषको अवस्था**

बैंकको नाम : नेपाल राष्ट्र बैंक
जम्मा निकासा : रु. २२५५८१८२२.७१
जम्मा खर्च : रु. २२५५८१८२२.७१
पेश्की : रु. ९१५००००.००
पेश्की कटाई बाँकी खर्च : रु. २१६४३१८२२.७१

## १३. तोकिए बमोजिमका अन्य विवरण

आ.व. २०७४/७५ (माघ-चैत्र) मा सूचना माग गरी परेका निवेदन संख्या : ४ (चार)
सूचना उपलब्ध गराइएको संख्या : ४ (चार)

## १४. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरु

## १५. सार्वजनिक निकायको वेबसाइट

लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np रहेको छ ।

## १६. सूचना परियोजनाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

कुनै परियोजना नभएको

## १७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

नभएको

## १८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

आयोगको ऐन, नियमावलीमा गोप्य रहने भनी उल्लेख गरेका सूचना बाहेक सबै सूचनाहरु दैनिक रुपमा प्रकाशन हुने गरेको ।

## १९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिएको विषय:

| क्र.सं. | सूचना माग कर्ताको नाम र ठेगाना | माग भएको सूचनाको विवरण | सूचना माग भएको मिति | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| १. | डा. अनुप वास्तोला<br>कन्सल्टेन्ट ट्रपिकल मेडिसिन<br>टेकू अस्पताल | आयोगबाट मिति २०७३/३/३० मा गरिएको एम.डि. रेसिडेन्टीयल अवधि अनुभवमा नजोडिने भनी गरिएको निर्णयको प्रतिलिपि माग गरेको । | २०७४/१०/२१ | निर्णयको प्रतिलिपि उपलब्ध गराईएको । |
| २. | डा. ठाकुर प्रसाद दुवाडी<br>वरिष्ठ कन्सल्टेण्ट काय चिकित्सक दशौं तह राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकू | वि.नं. १७०४५/०७४-७५ को विज्ञापनको लागि कति जनाले आवेदन गरे तथा कति जना आवेदकको आवेदन फाराम स्वीकृत भयो सोको यथार्थ जानकारी माग गरेको । | २०७४/१०/२२ | विवरण उपलब्ध गराईएको । |
| ३. | डा. ठाकुर प्रसाद दुवाडी<br>वरिष्ठ कन्सल्टेण्ट काय चिकित्सक दशौं तह राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकू | विज्ञापन नं. ८०/०७४-७५ मा आफूले भरेको दरखास्त फारामको प्रतिलिपि लगायत कागजातको प्रतिलिपी माग गरेको । | २०७४/१०/२४ | निवेदनमा माग भएका विवरण तोकिएको दस्तूर लिई उपलब्ध गराईएको । |
| ४. | अर्जुन पौडेल लगायत ९ जना | नेपाल प्रहरी, प्रहरी निरीक्षक पदको मिति २०७४/७/२४, २५, २६ र २७ मा सञ्चालित परीक्षाको लिखित परीक्षाको नतिजाको प्रतिलिपि माग गरेको । | २०७४/१०/२५ | लिखित नतिजासम्बन्धी विवरण रहेको सिलबन्दी खाम नतिजा प्रकाशन गर्ने प्रयोजनका लागि प्रहरी प्रधार कार्यालय, नक्सालमा उपलब्ध गराई सकिएको व्यहोरा जानकारी गराईएको । |

## २०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

- आयोगको वेबसाइट www.psc.gov.np
- हरेक बुधबार गोरखापत्रमा नियमित रुपमा र आवश्यकता अनुसार अन्य बारहरु पनि ।
- आयोगबाट प्रकाशन हुने बुलेटिन (सूचनापत्र)
- रेडियो नेपाल (प्रत्येक बुधबार राती ९:०० बजेको समाचार पछि)
- आयोगबाट त्रैमासिक रुपमा प्रकाशन हुने समाचारपत्र

# लोक सेवा आयोग

अनामनगर, काठमाडौं
फोन : ०१-४७७१३५५, फ्याक्स : ०१-४७७१४९०, पोष्ट बक्स नं. : ८९७९,
ई-मेल : **info@psc.gov.np**, वेबसाइट : **www.psc.gov.np**